नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

**कार्यालय सुरक्षा सेवा खरिदका लागि सिलबन्दी दरभाउपत्र आव्हनको सूचना**

(प्रथम पटक सूचना प्रकाशित भएको मितिः२०८१।११।०४)

**ठेक्का नं. IRD/G/SQ/02/2081-82**

१. नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, योग्य दरभाउपत्रदाताहरूबाट राष्ट्रिय स्तरको खुल्ला दरभाउपत्र प्रकिया अन्तर्गत, एक वर्ष अवधीको लागि कार्यालय सुरक्षा सेवा खरिद गर्न यो दरभाउपत्र आह्वान गर्दछ ।

२. योग्य दरभाउपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि वा दरभाउपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, यस विभागको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन:

आन्तरिक राजस्व विभाग, सामान्य प्रशासन शाखा, टेलिफोन नं. ०१-५९७००८१/website www.ird.gov.np मा पनि हेर्न सकिनेछ ।

३. योग्य दरभाउपत्रदाताले दरभाउपत्र सम्बन्धी कागजातहरु आन्तरिक राजस्व विभाग, लाजिम्पाटबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनको कार्यालय समय भित्र लिखित निवेदन पेश गरी प्राप्त गर्न सक्नेछन । यस्तो निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०८०।०८१ को कर चुक्ता प्रमाण पत्र र दरभाउपत्र सम्बन्धी कागजात वापतको दस्तुर रु.१०००। (एक हजार मात्र, फिर्ता नहुने गरी) यस विभागको राष्ट्रिय वाणिज्य बैंक लि., ठमेलस्थित राजस्व खाता नं १०००१००२०००१००००, कार्यालय कोड नं. ३०५०४३५०१, राजस्व शीर्षक नं १४२२९ मा रकम दाखिला गरेको भौचर पेश गर्नु पर्नेछ ।

४. सिलबन्दी गरिएको दरभाउपत्र आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनको १२:०० बजेभित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त र रीत नपुगेको दरभाउपत्र स्वीकार गरिनेछैन ।

५. तोकिएको समयभित्र पेश भएका दरभाउपत्रहरु उपस्थित हुन चाहेका दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस विभाग, लाजिम्पाटमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ ((सोह्र ) औं दिनको २:०० बजे खोलिनेछ । दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ (पैतालिस) दिनसम्मको लागि दरभाउपत्र मान्य हुनेछ । दरभाउपत्रको साथ रु.३०,०००।- (तिस हजार मात्र) दरभाउपत्र जमानत बापत को.ले.नि.का. लैनचौरको धरौटी खाता नम्बर ११००१००१०२०३००००, कार्यालय कोड नम्बर ३०५०४३५०१ मा जम्मा गरेको सक्कल भौचर (दोश्रो प्रति) वा मान्यता प्राप्त वाणिज्य बैंकहरुबाट आन्तरिक राजस्व विभागको नाउँमा जारी भएको विड सेक्युरिटी पत्र पेश गर्नु पर्नेछ र त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अवधि दरभाउपत्रको मान्य हुने अवधिभन्दा कम्तिमा पनि ३० (तीस) दिन बढी हुनु पर्नेछ ।

६. दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा दरभाउपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा दरभाउपत्र र दरभाउपत्र जमानतको मान्य अवधि भने साविककै मितिदेखि गणना गरिने छ ।

७. दरभाउपत्र फाराम पेश गर्दा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८०।०८१ को कर चुक्ता प्रमाणपत्र र सरकारी निकाय वा संस्थाहरुमा विगत ३ (तीन) वर्ष सुरक्षा सेवा प्रदान गरेको कार्य अनुभव प्रमाण र दरभाउपत्र सम्बन्धी कागजातमा उल्लिखित शर्तहरु बमोजिमका आवश्यक प्रमाणपत्रहरु पेश गर्नुपर्नेछ ।

८. दरभाउपत्र प्रस्ताव स्वीकृत भएको फर्म वा संस्थाले दरभाउपत्रमा उल्लेख भए अनुसारको गुणस्तरीय सेवा यस विभागको आवश्यकता बमोजिम आपूर्ति गर्नु पर्नेछ ।

९. दरभाउपत्रदाताले SOR ( Specification of Requirements) मा उल्लिखित सम्पूर्ण सेवाहरुका लागि कबोल अंक उल्लेख गर्नुपर्नेछ । आंशिक रुपमा उल्लिखित कबोल रकमलाई स्वीकार गरिने छैन ।

१०. कुनै वा सबै दरभाउपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित रहनेछ ।

११. यो सूचना र दरभाउपत्र सम्बन्धी कागजातमा स्पष्ट नभएका विषयहरु प्रचलित कानून तथा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

आन्तरिक राजस्व विभाग, सामान्य प्रशासन शाखा

टेलिफोन नं. ०१-५९७००८१/ website: www.ird.gov.np मा पनि हेर्न सकिनेछ ।